# नेवाः देय् दबू
# निर्वाचन निर्देशिका ११३७

**प्रस्तावना :**
नेवाः देय् दबूको राष्ट्रिय महाधिवेशन, जातीय परिषद, जिल्ला अधिवेशन, नगर अधिवेशन, गाउँ अधिवेशन, प्रारम्भिक समिति अधिवेशन लगायत सम्पूर्ण तहको निर्वाचन व्यवस्थित तवरले गर्न गराउन वाञ्छनिय भएकाले यस संस्थाको विधानको दफा ३७ उपदफा ६ ले दिएको अधिकार प्रयोग गरी देय् दबूको केन्द्रीय कार्य समितिले नेवाः देय् दबूको निर्वाचन निर्देशिका ११३७ बनाई जारी गरिएको छ ।

## परिच्छेद–१

१ **संक्षिप्त नाम र प्रारम्भ**
(क) यस निर्देशिकाको नाम नेवाः देय् दबूको निर्वाचन निर्देशिका ११३७ रहने छ ।
(ख) यस निर्देशिका केन्द्रीय समितिले पारित गरेको मिति देखि लागू हुनेछ ।

२ **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा
(क) "अध्यक्ष" भन्नाले राष्ट्रिय महाधिवेशन/अधिवेशनवाट निर्वाचित केन्द्रीय, जिल्ला, नगर, गाउँ, प्रारम्भिक समितिका अध्यक्षलाई जनाउँदछ ।
(ख) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय उपाध्यक्षलाई जनाउँदछ ।
(ग) "सदस्य" भन्नाले राष्ट्रिय महाधिवेशन/अधिवेशनबाट निर्वाचित केन्द्रीय, जिल्ला, नगर, गाउँ, प्रारम्भिक समितिका सदस्यलाई जनाउँदछ ।
(घ) "सचिव" भन्नोले विधानको धारा १९ (घ) बमोजिम निर्वाचित जातीय परिषद सचिवलाई जनाउँदछ ।
(ङ) "राष्ट्रिय परिषद" सदस्य भन्नाले जिल्ला अधिवेशन एवं जातीय परिषदबाट निर्वाचित सदस्यलाई जनाउँदछ ॥
(च) "प्रतिनिधि" भन्नाले संस्थाको विधान बमोजिम राष्ट्रिय महाधिवेशन/अधिवेशनको लागी छनौट भएका व्यक्तिहरुलाई जनाउँदछ
(छ) "समिति" भन्नाले संस्थाको केन्द्र, जिल्ला, नगर, गाउँ, प्रारम्भिक समितिलाई जनाउँदछ ।
(ज) "निर्वाचन समिति" भन्नाले संस्थाको विधानको गठित निर्वाचन समितिलाई जनाउँदछ ।

## परिच्छेद–२

(३) **निर्वाचन कार्यविधी** :–
संस्था सञ्चालन गर्न निम्न बमोजिमको पदमा निम्न बमोजिम निर्वाचन कार्य विधि अवलम्वन गरिने छ ।

**(क) केन्द्रीय कार्य समितिका पदहरु** :–
(१) अध्यक्ष –१ जना
(२) उपाध्यक्ष सात प्रदेशबाट -७ जना
(३) सदस्यहरु - प्रदेश सदस्य -७ जना

– महिला सदस्य -६ जना
– खुल्ला सदस्य -६ जना

**(ख) जिल्ला कार्य समितिका पदहरु** :–
(१) अध्यक्ष –१ जना
(२) महिला सदस्यहरु -४ जना
(३) खुल्ला सदस्य -८ जना

**(ग) नगर/गाउँपालिका प्रारम्भिक कार्य समितिका पदहरु** :–
(१) अध्यक्ष –१ जना
(२) महिला सदस्यहरु -२ जना
(३) खुल्ला सदस्य -५ जना

**(ख) मतदाता हुनको लागी चाहिने योग्यता**

**(क) राष्ट्रिय महाधिवेशन**

(१) नेवाः देय् दबूको विधानको परिच्छेद ४ दफा १० को उपदफा (ख) को देहाय १,२,३ र ४ बमोजिम राष्ट्रिय महाधिवेशनका लागी चयन भएका सम्पूर्ण प्रतिनिधिहरु ।

**(ख) जिल्ला अधिवेशन**

(१) नेवाः देय् दबूको विधानको परिच्छेद ७ दफा २२ को उपदफा (१) को देहाय क,ख,ग,घ र ज बमोजिम जिल्ला अधिवेशनका लागी चयन भएका सम्पूर्ण प्रतिनिधिहरु ।

**(ग) गाउँ नगर प्रारम्भिक अधिवेशन**

(१) नेवाः देय् दबूको विधानको परिच्छेद ८ दफा २७ को उपदफा (१) को देहाय क र ख बमोजिम गाउँ नगर प्रारम्भिक अधिवेशनका लागी चयन भएका सम्पूर्ण प्रतिनिधिहरु ।
(२) प्रारम्भिक समितिद्वारा वितरित साधारण सदस्यहरु

**(४) मतदाता नामावली सम्वन्धि व्यवस्था** :–

संस्थाको विधान बमोजिम योग्यता पुगेको मतदाताहरुको नामावली निर्वाचन हुने दिन नै निर्वाचन समितिले तोकेको समयमा प्रकाशन गर्नेछ ।

**(५) मतदाता नामावली उपर दावी विरोध** :–

निर्वाचन समितिले प्रकाशन गरेको मतदाता नामावली उपर सदस्यहरुले नामावली प्रकाशन भए पछि निर्वाचन समितिले तोकेको अवधि भित्र दावी विरोध गरी सक्नु पर्नेछ ।

(६) **मतदाताहरुको अन्तिम नामावली प्रकाशन** :

सदस्यहरुको दावी विरोध पछि निर्वाचन समितिले छानविन गरी मतदाताहरुको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

(७) **उम्मेदवारी दिने** :–

निर्वाचन समितिले राष्ट्रिय महाधिवेशन/जिल्ला अधिवेशन/गाउँ नगर प्रारम्भिक अधिवेशन हुने दिन नै उचित समय तोकी उम्मेदवारीको लागी अनुसूची १ अनुसार निर्वाचन कार्यक्रम प्रकाशन गर्ने र अनुसूची ३ अनुसार उम्मेदवारको मनोनयन फारम दर्ता गर्नुपर्नेछ साथै उम्मेदवार दिन प्रतिनिधिहरुले निम्नानुसारको विधि पुऱ्याउनु पर्नेछ ।

(क) उम्मेदवार हुने व्यक्तिले अनुसूची २ अनुसारको मनोनयन पत्र निर्वाचन समिति समक्ष तोकिएको समय भित्र दर्ता गराउनु पर्नेछ ।

(ख) उम्मेदवार हुने व्यक्तिले देहाय बमोजिमको पदहरुको लागी देहाय बमोजिम धरौटी फिर्ता नहुनेगरी मनोनयन पत्र साथ पेश गर्नु पर्नेछ ।

- केन्द्रीय अध्यक्ष पदको लागि न्यूनतम रु. १०,०००।–
- केन्द्रीय उपाध्यक्ष पदको लागि न्यूनतम रु. ५,०००।–
- केन्द्रीय सदस्य पदको लागि न्यूनतम रु. ३,०००।–
- जिल्ला अध्यक्ष पदको लागि न्यूनतम रु.१,०००।–
- जिल्ला सदस्य पदको लागि न्यूनतम रु. ५००।–
- नगर अध्यक्ष पदको लागि न्यूनतम रु. ५००।–
- नगर सदस्य पदको लागि न्यूनतम रु. १००।–
- गाउँपालिका अध्यक्ष पदको लागि न्यूनतम रु. ५००।–
- गाउँपालिका सदस्य पदको लागि न्यूनतम रु. १००।–
- प्रारम्भिक समिति अध्यक्षको लागी न्यूनतम रु. २००।-
- प्रारम्भिक समिति सदस्यको लागी न्यूनतम रु. १००।-
- राष्ट्रिय परिषद सदस्यको लागी न्यूनतम रु. ५००।-
- जातीय परिषद सचिवको लागी न्यूनतम रु.१,०००।-

*(पदाधिकारी भई आफ्नो पदावधि छँदै बीचमै राजीनामा दिएका, निष्कृय रहेका, आर्थिक अनियमिता, बक्यौता र मातृसंस्थाबाट प्रत्याव्हानमा परेका वा नेवाः देय् दबूको विधान अन्तर्गत कार्वाहीमा परेका व्यक्तिहरुले कुनै पनि पदमा उम्मेदवारी दिन पाउने छैन ।)*

(८) **प्रस्तावक र समर्थक** :–

(१) संस्थाको विधान अनुसार राष्ट्रिय महाधिवेशन/अधिवेशन प्रतिनिधिहरु मात्र कुनै पनि पदको उम्मेदवारको लागी प्रस्तावक र समर्थक हुन योग्य मानिनेछ ।

(२) एक जना राष्ट्रिय महाधिवेशन/अधिवेशन प्रतिनिधिले एक उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउने छ । एक व्यक्ति प्रस्तावक र समर्थक दोहोरिएमा पछिल्लो पटक दर्ता हुन आउने मनोनयन पत्र दर्ता हुने छैन । यदि दर्ता भएको रहेछ भने पछिल्लो दर्ता भएको मनोनयन रद्ध हुनेछ ।

(३) उम्मेदवारी दिने जोसुकैले आफूले उम्मेदवारी दिएको पद बाहेका अन्य पदमा उम्मेदवारी दिने व्यक्तिहरुलाई प्रस्तावक/समर्थक हुन पाउने छ ।

(४) केन्द्रीय अध्यक्ष पदमा उम्मेदवारीको लागि ३ जना प्रस्तावक र ३ जना समर्थक हुनु पर्नेछ ।

(५) केन्द्रीय उपाध्यक्ष पदमा उम्मेदवारीको लागि २ जना प्रस्तावक र २ जना समर्थक हुनु पर्नेछ ।

(६) केन्द्रीय सदस्य, जिल्ला अध्यक्ष, जिल्ला सदस्य, नगर अध्यक्ष, नगर सदस्य, गाउ अध्यक्ष, गाउँ सदस्य प्रारम्भिक समिति अध्यक्ष, प्रारम्भिक समिति सदस्य, जातिय परिषद सचिव, राष्ट्रिय परिषद सदस्य पदमा उम्मेदवारीको लागि १ जना प्रस्तावक र १ जना समर्थक हुनु पर्नेछ ।

(७) एक प्रतिनिधिले एक पदमा एकजना उम्मेदवारलाई मात्र प्रस्तावक वा समर्थक हुन पाउनेछ । कुनै पद बहुसंख्यक भएमा आवश्यक संख्या सम्म प्रस्तावक र समर्थक बस्न पाउनेछ । कुनै क्षेत्रमा सो अनुरुपको सदस्य संख्या नभएमा निर्वाचन समितिले बाधा अड्चन फुकाउन सक्नेछ ।

(८) प्रदेशबाट प्रनितिधित्व गर्ने उपाध्यक्ष र केन्द्रीय सदस्यको लागी सोही प्रदेशको प्रस्तावक र समर्थक हुनु पर्दछ ।

(९) केन्द्रीय अध्यक्ष पदमा उम्मेदवारी दिने व्यक्ति केन्द्रीय कार्य समितिमा १ कार्यकाल कार्य गरिसकेको हुनु पर्नेछ ।

*( पुनश्चः १ यस बाक्यांसले मौजुदा कार्यसमितिमा कार्यरत पदाधिकारीलाई उम्मेदवारी दिनबाट वञ्चित गरिने छैन ।*

**(९) <u>उम्मेदवारी उपर दावी विरोध</u> :–**

क) केन्द्रीय अध्यक्षको हकमा उम्मेदवार अयोग्य छ भनि दावी विरोध गर्न निर्वाचन समितिमा रु २,०००।– (दाबी सावित नभएमा फिर्ता नहुने गरी) रकम जम्मा गर्नु पर्नेछ ।

ख) केन्द्रीय उपाध्यक्षको हकमा उम्मेदवार अयोग्य छ भनि दावी विरोध गर्न निर्वाचन समितिमा रु १,५००।– (दाबी सावित नभएमा फिर्ता नहुने गरी) रकम जम्मा गर्नु पर्नेछ ।

ग) केन्द्रीय सदस्य, जिल्ला अध्यक्ष, नगर अध्यक्ष हकमा उम्मेदवार अयोग्य छ भनि दावी विरोध गर्न निर्वाचन समितिमा रु १,०००।– (दाबी सावित नभएमा फिर्ता नहुने गरी) रकम जम्मा गर्नु पर्नेछ ।

घ) जिल्ला सदस्य नगर सदस्य, गाउँपालिका सदस्य पदको हकमा उम्मेदवार अयोग्य छ भनि दावी विरोध गर्न निर्वाचन समितिमा रु ५००।– (दाबी सावित नभएमा फिर्ता नहुने गरी) रकम जम्मा गर्नु पर्नेछ ।

**(१०) <u>दावी विरोध पछि उम्मेदवारको नामावली प्रकाशन</u> :–**

कुनै तहको उम्मेदवार अयोग्य छ भनि दावी विरोध परेमा निर्वाचन समितिले आवश्यक छानविन गरी तुरुन्तै अनुसुची ४ बमोजिम उम्मेदवारको नामावली प्रकाशन गर्नेछ ।

**(११) <u>उम्मेदवारी फिर्ता</u> :–**

कुनै तहको उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा अनुसुची ५ बमोजिम दरखास्त दिन सक्नेछ ।

**(१२) <u>उम्मेदवारको अन्तिम नामावली प्रकाशन</u> :–**

सम्पूर्ण प्रकृया पुरा गरी सके पछि निर्वाचन समितिले अनुसुची ६ अनुसार कुनै पनि तहको उम्मेदवारहरुको अन्तिम नामावली तोकिएको समयमा प्रकाशन गर्नेछ ।

## परिच्छेद–३

**(१३) निर्वाचन अभियान**

नेवाः देय् दबूको राष्ट्रिय महाधिवेशन/अधिवेशनद्वारा निर्वाचित हुने समितिमा उम्मेदवार भएका व्यक्तिहरुले व्यक्तिगत रुपमा अन्य उम्मेदवारहरुको निर्वाचन अभियानमा असर नपर्ने गरी मतदाताहरु समक्ष मत माग्न सक्ने छन् ।

## परिच्छेद–४

**(मतदान)**

**(१४) मतदान गर्ने समय र तरिका :–**

(१) कुनै पनि समितिको निर्वान हुनु अगावै केही निश्चित समय तोकी सहमतिको समिति निर्माण गर्न समय प्रदान गर्न सकिनेछ ।

(२) निर्विरोध निर्वाचन हुन नसकेमा निर्वाचन समितिले तोकेको निश्चित समयमा मतदाताहरुलाई निर्वाचनमा सरिक गराउने छ ।

(३) मतदाताहरुले मतदान गर्दा एक व्यक्ति एक मतको आधारमा मतदान गर्न पाउने छ । अन्यथा भएमा त्यस्तो मत बदर गरीने छ ।

**(१५) मतदान पछिको मुचुल्का :–**

कुनै पनि तहको समितिको निर्वाचनमा मतदाताहरुले मतदान गरी सके पछि निर्वाचन समितिले मतदान समाप्त भएको समय किटान गरी अनुसुची ७ अनुसारको मुचुल्का खडा गर्नु पर्नेछ र उम्मेदवार तथा उम्मेदवारको प्रतिनिधीलाई उक्त मुचुल्काको रोहवरमा सहि गराउनु पर्नेछ ।

**(१६) मत गणनाको मुचुल्का :–**

कुनै पनि तहको समितिको मतदान सम्पन्न भएको मुचुल्का भै सके पछि निर्वाचन समितिले मतगणना कार्य सुरु गर्नु भन्दा अगावै अनुसुची ८ अनुसारको मतगणनाको मुचुल्का तयार गरी सम्वन्धित उम्मेदवार वा निजको प्रतिनिधीलाई मुचुल्काको रोहवरमा सहिछाप गराउनु पर्नेछ ।

**(१७) विजयी उम्मेदवारको घोषणा :–**

(क) कुनै पनि तहको समितिको मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन समितिले विजयी उम्मेदवारको लगत खडा गरी त्यस्ता उम्मेदवारको नाम तथा पद समेत प्रष्ट खुल्ने गरी सुचना प्रकाशन समेत गर्नु पर्नेछ ।

(ख) यदी कुनै उम्मेदवारले मत बरावर पाएको खण्डमा गोला प्रथा द्धारा निर्वाचन समितिले टुंगो लगाउनेछ ।

(ग) निर्वाचित उम्मेदवारलाई अनुसुची ९ अनुसारको प्रमाण–पत्र दिनुपर्नेछ ।

**(१८) अन्य आवश्यक कुराहरु :–**

संस्थाको निर्वाचन सम्वन्धमा व्यवस्था भएका निर्वाचन सम्वन्धि कार्यविधी यसै निर्देशिका बमोजिम हुनेछ यस नियमावलीले समेटन नसकेका वा छुट भएका कुराहरु संस्थाको विधान वा प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुनेछ ।

**(१९) खारेजी र बचाउ :–**

यस निर्देशिकामा व्यवस्था भएका कुराहरु संस्थाको विधान वा प्रचलित नेपाल सरकारको कानुन संग बाँझिएमा बाँझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

**नेवाः देय् दबू**

निर्वाचन कार्यक्रमको सुचना

यस संस्थाको ............. समितिको निर्वाचन प्रयोजनको लागी निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सुचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्यक्रम | मिति | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन | | | | | |
| २ | मतदाता नामावली माथि दावि विरोध | | | | | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | | | | | |
| ४ | उम्मेदवारी फारम वितरण | | | | | |
| ५ | उम्मेदवारी मनोनयन दर्ता | | | | | |
| ६ | प्रथम पटक उम्मेदवारी नामावली प्रकाशन | | | | | |
| ७ | उम्मेदवारी नामावली माथी दावी विरोध | | | | | |
| ८ | दोस्रो पटक उम्मेदवारी नामावली प्रकाशन | | | | | |
| ९ | उम्मेदवारको नाम फिर्ता लिने | | | | | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | | | | | |
| ११ | निर्वाचन | | | | | |
| १२ | मत गणना परिणाम घोषणा | | | | | |

| ............... | ............... | ............... |
|---|---|---|
| सदस्य<br>निर्वाचन समिति | सदस्य<br>निर्वाचन समिति | संयोजक<br>निर्वाचन समिति |

**नेवाः देय् दबू**

उम्मेदवारको मनोनयन पत्र

श्रीमान् संयोजकज्यू,
निर्वाचन समिति
नेवाः देय् दबू, काठमाडौं

महोदय,
यस संस्थाको ......................... समितिको ....................................... पदमा उम्मेदवार हुन मेरो मन्जुरी छ । संस्थाको विधान अनुसार उक्त पदमा उम्मेदवार हुन मेरो योग्यता पुगेको हुँदा निम्नानुसारको प्रस्तावक र समर्थक सहित यो मनोनयन पत्र पेश गरेको छु ।

दस्तखत :
उम्मेदवारको नाम :
ठेगाना :
पिता वा पतिको नाम :
मतदाताक्रम संख्या :
उमेर :

प्रस्तावकको :
माथि उल्लेखित सदस्यलाई
उक्त पदको निर्वाचनको लागि
प्रस्ताव गर्दछु ।

दस्तखत् :
नाम :
ठेगाना
मतदाता क्र.सं. :

समर्थकको :
प्रस्तावक श्री ................. ले
उल्लेख गरे बमोजिमको उम्मेदवार
लाई समर्थन गर्दछु ।

दस्तखत :
नाम :
ठेगाना :
मतदाता क्र.सं. :

**नेवाः देय् दबू**

मनोनयन पत्रको दर्ता किताव

| मनोनयन पत्रको दर्ता नं. | पदको विवरण | मनोनित उम्मेदवारको विवरण | | | प्रस्तावकको विवरण | | समर्थकको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम, थर, ठेगाना | उमेर | मतदाता क्र.सं. | नाम, थर, ठेगाना | मतदाता क्र.सं. | नाम, थर, ठेगाना | मतदाता क्र.सं. | |
| | | | | | | | | | |

................ ................ ................

सदस्य
निर्वाचन समिति

सदस्य
निर्वाचन समिति

संयोजक
निर्वाचन समिति

**नेवाः देय् दबू**

<u>उम्मेदवारको नामावली</u>

यस संस्थाको ............................. समितिको निर्वाचनको लागी उम्मेदवार हुनका लागी दर्ता भएको मनोनयन पत्रहरु अनुसार उम्मेदवारको नामावली प्रकाशन गरिएको छ ।

| क्र. सं. | पद | मनोनयन पत्र दर्ता नं. | उम्मेद्वारको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नाम,थर बर्णानुक्रमानुसार | पिता/पतिको नाम थर | उमेर | लिङ्ग | कैफियत |
| | | | | | | | |

...............
सदस्य
निर्वाचन समिति

...............
सदस्य
निर्वाचन समिति

...............
संयोजक
निर्वाचन समिति

**नेवाः देय् दबू**

<u>नाम फिर्ता लिएको सुचना</u>

श्रीमान् संयोजकज्यू,
निर्वाचन समिति
नेवाः देय् दबू

महोदय,
यस संस्थाको ......................... समितिको ....................................... पदमा निर्वाचनको लागी उम्मेद्वारी दिइ मेरो नाम समावेश भइ म उम्मेदवार कायम भएकोमा हाल मलाई उक्त पदमा उम्मेद्वार हुन इच्छा नभएकोले उम्मेदवारको नामावलीबाट राजीखुशीले आफ्नो नाम फिर्ता लिएको छु । मेरो नाम सो उम्मेदवारको नामावलीबाट हटाई पाउन अनुरोध छ ।

दस्तखत् :
नाम थर :
ठेगाना :

**नेवाः देय् दबू**

निर्वाचन निर्देशिका अनुसूची ६

<u>उम्मेदवारको अन्तिम नामावली घोषणा</u>

यस संस्थाको ..................... समितिको ................................... पदको उम्मेदवार हुन मनोनयन पत्र दर्ता भई उम्मेदवारको नामावली अनुसारका उम्मेदवार मध्ये मनोनयन पत्र फिर्ता लिनेको नामावली हटाई उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिएको छ ।

| क्र. सं. | पद | मनोनयन पत्र दर्ता नं. | उम्मेद्वारको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नाम,थर बर्णानुक्रमानुसार | पिता/पतिको नाम थर | उमेर | लिङ्ग | कैफियत |
| | | | | | | | |

| ............... | ............... | ............... |
|---|---|---|
| सदस्य<br>निर्वाचन समिति | सदस्य<br>निर्वाचन समिति | संयोजक<br>निर्वाचन समिति |

निर्वाचन निर्देशिका अनुसूची ७

**नेवाः देय् दबू**

<u>मतदान समाप्त भएको मुचुल्का</u>

लिखितम नेवाः देय् दबू .......................... समितिको आज मिति ............................... गतेका दिन ........ बजे देखि मतदान सुरु भई मिति .......................... गते ......... बजेको समयमा मतदान समाप्त भएको ठिक साँचो हो भनी सहीछाप गरीदिएका छौं ।

रोहवर प्रतिनिधी/उम्मेदवार

- 
- 
- 
- 
- 

| | | |
|---|---|---|
| ............... | ............... | ............... |
| सदस्य | सदस्य | संयोजक |
| निर्वाचन समिति | निर्वाचन समिति | निर्वाचन समिति |

**नेवाः देय् दबू**

<u>मतगणना कार्य शुरु गरेको मुचुल्का</u>

लिखितम नेवाः देय् दबू ....................समितिको निर्वाचनमा भएको मतदान पछि आज मिति ............................ गते ......... बजेको समय देखि मतगणना कार्य शुरु भएको ठिक साँचो हो भनी सहीछाप गरीदिएका छौं ।

**रोहवर प्रतिनिधी/उम्मेदवार :**

- 
- 
- 
- 
- 
- 

| ................ | ................ | ................ |
|---|---|---|
| सदस्य<br>निर्वाचन समिति | सदस्य<br>निर्वाचन समिति | संयोजक<br>निर्वाचन समिति |

**नेवाः देय् दबू**

**निर्वाचित प्रमाण पत्र**

यस संस्थाको विधान बमोजिम मिति ................ का दिन सम्पन्न ......................... राष्ट्रिय महाधिवेशन/अधिवेशन/राष्ट्रिय परिषद/जातीय परिषदबाट ......................... जिल्ला........................नगर/गाउँपालिका.............. न वार्ड ................. बस्ने तपाई श्री ............................................ लाई नेपालभाषा, कला, संस्कृति र संस्कारको सम्बर्द्धन तथा प्रवर्द्धनका लागी स्थापित नेवारहरुको साझा राष्ट्रिय संगठन नेवाः देय् दबूको ..............................समितिको ............................. पदमा ३ बर्षका लागि निर्विरोध/निर्वाचनबाट निर्वाचित हुनुभएकोमा बधाईका साथ यहाँको कार्यकाल सफलताको शुभकामना सहित यो निर्वाचित प्रमाणपत्र प्रदान गरिएको छ ।

मिति :

| ................ | ................ | ................ |
| --- | --- | --- |
| सदस्य<br>निर्वाचन समिति | सदस्य<br>निर्वाचन समिति | संयोजक<br>निर्वाचन समिति |

**नेवाः देय् दबूको**

<u>निर्वाचन आचार संहिता ११३७</u>

यस संस्थाको सबै तहको निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित बनाउनुका साथै स्वस्थ्य एवं मर्यादित रुपमा गर्न गराउन यो आचार संहिता बनाएको छ। यो आचार संहिता पालना गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ।

## उम्मेदवारले पालना गर्नुपर्ने आचरण

संस्थाको सबै तहका उम्मेदवारहरुले निर्वाचन अभियान संचालन गर्दा निम्न लिखित आचरणहरु पलना गर्नु गराउनु पर्नेछ।

- संस्थाको प्रतिकुल हुनेगरी प्रचार प्रसार गराउनु हुदैन।
- आपसमा घृणा, द्धेष, अवहेलना, वैमनस्यता उत्पन्न हुने गरी प्रचार प्रसार गर्नु हुदैन।
- उम्मेदवारको वा निजको परिवारको सदस्यको चरित्र हत्या हुने गरी प्रचार प्रसार गर्नु हुदैन।
- प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा अशिष्ट एवं असंयमित हुनु हुदैन।
- कसैले पनि मतदातालाई डर, धाक धम्की, त्रास वा प्रलोभन वा धार्मिक, सामाजिक, क्षेत्रिक, लैंगिक सद्भाव विथोलिने कार्य गर्नु गराउनु हुदैन।
- मतदाताहरुलाई मतदान गर्नबाट बञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमको अवरोध वा थुन छेक गर्न गराउनु हुदैन।
- मतदान कार्य तथा मतगणना समेत विना अवरोध सवै ठाँउमा निर्वाध रुपमा संचालन हुन दिनु पर्छ र त्यसको लागी जो चाहिने उपयुक्त वातावरणको सिर्जना गरि निर्वाचन समितिलाई सहयोग गर्नु सवैको कर्तव्य हुनेछ।

**विविध :**

- आचार संहिता पालना भएको छ छैन निर्वाचन समितिले जाँचबुझ र अनुगमन गर्न सक्नेछ।
- आचार संहिता उल्लंघन भएको पाइएमा निर्वाचन समितिले त्यो कार्य तुरुन्तै रोकथाम गर्नु पर्नेछ।
- निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्न गराउन अन्य आवश्यक आचारसंहित थपघट गर्न सकिनेछ।